## २०७५ साल भाद्र गते सोमबारको दिन बसेको लिखु गाउँ कार्यपालिकाको तेइसौं बैठकबाट भएका निर्णयहरुको व्यहोरा निम्न बमोजिम छन् :

१. घटना दर्ताको हकमा पैंतिस दिन सम्म वा सो भन्दा बढी समय पछि समेत दर्ता गर्दा निशुल्क गरी प्रस्ताव गाउँसभामा पेश गर्ने ।

२. वडा नं ५ को खहरेको समस्या तत्काल समाधान गर्नुपर्ने विषयमा गाउँ कार्यपालिकाको विशेष ध्यानाकर्षण भएको ।

३. लिखु गाउँपालिकाको नक्सापास सम्बन्धी कार्यविधि, २०७५ तथा नक्सा दरखास्त तथा नक्सा अभिलेख दरखास्त सम्बन्धी सम्पूर्ण दस्तावेज पारित गर्ने निर्णय गरियो ।

४. नेपाल इञ्जिनियरिङ काउन्सिलमा दर्ता भएका इञ्जिनियरहरुले रीतपूर्वक गाउँ कार्यपालिकाको कार्यालयमा सूचीकृत हुन रु पाँच हजार तिरी लिखु गाउँपालिकाको क्षेत्रभित्र नक्सा डिजाइन सम्बन्धी कार्य गर्न सक्ने निर्णय गरियो ।

५. नक्सापास सम्बन्धी तथा नक्सा अभिलेख सम्बन्धी कार्य पूर्वाधार विकास तथा भवन नियमन शाखाले सम्पादन गर्ने निर्णय गरियो ।

द्रष्टव्यः नक्सा दरखास्त तथा नक्सा अभिलेख दरखास्त सम्बन्धी पुस्तिकाको लागि रु एक हजार शुल्क तोक्ने निर्णय गरियो ।

६. निम्न स्थानीय सडकहरुमा सडकको क्षेत्राधिकार (सडकको केन्द्रबाट दायाँ ७.५ मी र बायाँ ७.५ मी) तोक्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १ | ढिकुरे चौत्राडि वगर बजार धमला गाँउ माझिपानी फलाटे मोटर वाटो | लिखू १ र २ |
| २ | ढिकुरे मुरलीटार रावलस्वांरा सडक | लिखू १ |
| ३ | राममन्दिर पन्चकन्या लामिछानेगाउं गाविस भवन किनापती फलाटे ग्रामीण सडक | लिखू १ |
| ४ | विमिरेखोल्ची स्वास्थ्य चौकी गहते डाडा बेलासपुर सडक | लिखु ३ |
| ५ | ढिकुरे पुल गैरी गाउँ वडा कार्यालय हुँदै चाम्बोटे सडक | लिखु ३ |
| ६ | ढिकुरेपुल - चौखुडा - मालाकोट - बाघे - थानसिङ सडक | लिखु ३ |
| ७ | गडखार पुल मिर्मिरे चौतारा बाहुन चौतारा सडक | लिखु ४ |
| ८ | बगैचा तल्लो सडक | लिखु ४ |
| ९ | अमिलबोट भेडा राख्ने चौर हुँदै बमेभन्ज्याङ सडक | लिखु ५ |
| १० | दोबाटे डि बगैंचा बमेभज्याङ सडक | लिखु ५ |
| ११ | फोगटे महेन्द्र मा बि अल्छे मोड सडक | लिखू ६ |
| १२ | शेराडिल आयुर्वेद वडा कार्यलय जाने सडक | लिखू ६ |

| | | |
|---|---|---|
| १३ | छहरे पर्सा भन्ज्याङ आम्बोटे अल्छेमोड सडक | लिखू ६ |

७. अन्य सडकहरुको हकमा सडकको केन्द्रदेखि ५ मिटर दायाँ र ५ मिटर बायाँ सडकको अधिकारक्षेत्र तोक्ने तथा राष्ट्रिय एवं प्रादेशिक राजमार्ग तथा लोकमार्गको हकमा संघीय सरकार तथा प्रदेश सरकारले तोकेको मापदण्ड बमोजिम नै सडकको अधिकार क्षेत्र कायम रहने निर्णय गरियो ।

८. आर्थिक वर्ष २०७५/०७६ को लागि स्थानीय स्तरको न्यूनतम दररेट निर्धारण गर्ने प्रयोजनको लागि लिखु गाउँ कार्यपालिकाबाट गठित गाउँ दररेट निर्धारण सिफारिश समितिको सिफारिश प्रतिवेदन अध्ययन गरी आर्थिक वर्ष २०७५/०७६ को लागि लिखु गाउँपालिकाको न्यूनतम दररेट निर्धारण सोही प्रतिवेदनमा उल्लेख भए बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

९. आर्थिक वर्ष २०७५/०७६ को लागि स्वीकृत वार्षिक कार्यक्रमको परीधिमा रही देहाय बमोजिमको सवारी साधन खरीद गर्न देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | सवारीको विवरण | संख्या | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | 4WD Hard Top Jeep जीप<br>**(Hard Top Jeep, Right Hand Drive model with four wheel drive** suitable for driving in Nepal. Gross Vehicle **Weight of the Vehicle shall not be less than 2600 kgs and shall have seating capacity for atleast 7 passengers including driver.**<br><br>Water cooled diesel Engine(CRDI), **Engine displacement not less than 2000 cc,** developing **Maximum rated power output not less than 120 HP and Maximum Torque not less than 280 NM at governed RPM,** engine fully equiped with accessories for efficient full load operation of the vehicle at operating conditions, cold starting device, direct electric starting system, heavy duty fuel filter.) | १(एक) | ६४२५००० (चौसठ्ठी लाख पच्चीस हजार मात्र) | |
| २ | मोटरसाइकल १५० सि.सि.(अफरोड) Four Stroke single cylinder air cooled engine displacement not less than 149cc CDI ignition, 5 speed manual gear, maximum power not less than 14 ps @governed rpm , maximum torque output not less than 12.5 | १(एक) | ५००००० (पाँच लाख मात्र) | |

| | | | | |
|---|---|---|---|---|
| | Nm ground clearance not less than 240 mm, fuel tank capacity not less than 12 litres, front hydraulic disc brake and rear mechanical drum brake, vehicle weight not more than 135 kg | | | |
| ३ | मोटरसाइकल १५० सि.सि. Four Stroke single cylinder air cooled engine displacement not less than 149cc CDI ignition, 5 speed manual gear, maximum power not less than 14ps @governed rpm, maximum torque output not less than 12.5Nm ground clearance not less than 160 mm, fuel tank capacity not less than 12 litres | १ ( एक) | २७५००० (दुई लाख पचहत्तर हजार मात्र ) | |

१०. विगत केही महिनादेखि परेको अविरल वर्षात्को कारण यस गाउँपालिका क्षेत्र भित्रका खोला, खहरेमा आएको वाढी तथा पहिरोका कारण कतिपय व्यक्ति घाइते भएको, चौपाया मरेको, घर, वस्ती जोखिममा परेको भनि संबन्धित व्यक्तिहरुबाट राहत, संरक्षणको लागि माग भै आएको निवेदन सन्दर्भमा गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी क्षति न्युनिकरणको लागि देहाय बमोजिम व्यवस्थापन गर्ने निर्णय गरियो ।

क) लिखु ३ ढिकुरे पुल नजिक पहिरोमा परि घाइते भएका प्रकाश मिजारलाई उपचार खर्च वापत रु ५०००।०० पाँच हजार सहायता दिने ।

ख) लिखु ४ निवासी चक्र ब. राईको गोठ भत्केर २ वटा गाई मरेको हुँदा निजलाई रु १००००।०० दश हजार सहायता दिने ।

ग) देहायको घर, वस्ती संरक्षणको लागि देहायको परिमाणमा २ १ १ को ग्याविन जाली उपलब्ध गराउने । साथै ग्याविन जाली भरेको प्राविधिकको प्रतिवेदन र वील भर्पाइको आधारमा जालीमा ढुंगा भर्ने र ढुवानी वापत प्रति ग्याविन रु १०००।०० का दरले उपलब्ध गराउने ।

| सि.नं. | नाम थर | ठेगाना | ग्याविन जाली परिमाण |
|---|---|---|---|
| १ | शम्भू दमाई, रविन्द्र नेपाली | लिखु २, शिखरकटेरी | १० थान |
| २ | दयाराम न्यौपाने, पोषण नाथ पौडेल | लिखु १ ,लामिछाने गाउँ फेदी | ८थान |
| ३ | ठुलीमाया तामाङ | लिखु ३, | ४ थान |
| ४ | गोपि दमै | लिखु ३, | ४ थान |
| ६ | श्याम बहादुर सार्की | लिखु ३, | ४ थान |
| ७ | मान बहादुर गुरुवाचार्य | लिखु ३, | पहिरोले वारी पुरिएको हुंदा रासनको लागि रु १००००।०० दश हजार सहायता |
| ८ | भिम प्रसाद रेग्मी | लिखु १ , | ४ थान |

| | | | |
|---|---|---|---|
| ९ | राम कुमार राई | लिखु ३, मालाकोट | सिमेन्टको लागि रु १००००।०० नगद |
| १० | विर ब. राई | लिखु ३, | ४ थान |
| ११ | च्यान्टे दमाइ | लिखु ३, | ४ थान |
| १२ | मान ब. राइ | लिखु ३, | ४ थान |
| १३ | भैरव बहादुर भण्डारी | लिखु ६ | ४ थान |
| १४ | लाटे कामी | लिखु ६ | ४ थान |
| १५ | श्याम बहादुर मिजार | लिखु ३, | नगद रु ५०००।०० पाच हजार |
| १६ | अन्तीमाया तामाङ | लिखु ६, धाक्रे | ४ थान |
| १७ | रन्जित हरी धमला<br>श्याम राज पाण्डे<br>उत्तम राज पाण्डे<br>राजाराम पाण्डे | लिखु १, चिसापानी | १० थान |
| १८ | पुजन पाण्डे | लिखु १ | ७ थान |

११. निरन्जना प्रा.वि  संरक्षणको लागि मेशिनरी वाल लगाउनको  लागि बढी नै रकम लगानी गर्नुपर्ने भएको र विपद् व्यवस्थापन कोषबाट सम्भव नहुने देखिएकोले ल.इ. तयार गरी आवश्यक बजेट  कार्यपालिकाले व्यवस्थापन गर्ने ।

१२. लिखु २ लब्धु लवलेमा तादी खोलाले कटान गरी खेतियोग्य जमिन तथा वस्तीमा क्षति पुऱ्याएको हुंदा आवश्यक तारजाली उपलब्ध गराउन जल उत्पन्न प्रकोप कार्यालयमा सिफारिस गर्ने ।